नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

**इ.प्रा.परिपत्र संख्या : १७/२०७५-७६** **मितिः २०७५/१०/०६**

श्री नेपाल राष्ट्र बैंक, बैकिङ्ग कार्यालय लगायत सम्पूर्ण कार्यालयहरू, इजाजतपत्र प्राप्त "क" र "ख" वर्गका बैंक/वित्तीय संस्थाहरू तथा अन्य इजाजतपत्रप्राप्त संस्थाहरु

**विषय : एकीकृत परिपत्र - २०७४ मा संशोधन गरिएको सम्बन्धमा ।**

महाशय,

विदेशी विनिमय कारोवार गर्न इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था र अन्य निकायहरुलाई जारी गरिएको एकिकृत परिपत्र-२०७४ मा देहाय बमोजिम संशोधन तथा थप गरिएको हुँदा सोही वमोजिम गर्नु/गराउन हुन विदेशी विनिमय नियमित गर्ने ऐन, २०१९ (संशोधन सहित) को दफा-१२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

१. **एकीकृत इ.प्रा. परिपत्र, २०७४ को ई.प्रा. परिपत्र १३/२०७४ को बुँदा ३.पश्चात देहाय बमोजिम बुँदा ४.थप गरिएको छ ।**

**४.विदेशबाट Repatriation ल्याउने सम्बन्धी व्यवस्था :**

ट्राभल एजेन्सी, ट्रेकिङ एजेन्सी, कार्गो कुरियर एजेण्ट, होटल लगायतका संस्थाहरुले विदेशबाट Repatriation लिनुपर्ने रकम विदेशी मुद्रा कारोवार भएको १५ दिनभित्र देशभित्र अनिवार्य रुपमा ल्याइसक्नुपर्नेछ । साथै, यस सम्बन्धी विवरण हरेक त्रयमास समाप्त भएको १५ दिनभित्र नेपाल राष्ट्र बैंक विदेशी विनिमय व्यवस्थापन विभागमा पठाउनु पर्नेछ ।

२. **एकीकृत इ.प्रा. परिपत्र, २०७४ को ई.प्रा. परिपत्र ७/२०७४ को बुँदा १५ पश्चात देहाय बमोजिम बुँदा १६.थप गरिएको छ ।**

शिक्षा, आप्रवासन, स्वास्थ्य (परिपत्र नं. ७, ८ र ९ समेत ) लगायतका प्रयोजनका लागि अमेरिकी डलर ५,००० भन्दा बढीको परिवर्त्य विदेशी मुद्रा माग गर्ने नेपालीहरुसँग अनिवार्य रुपमा स्थायी लेखा नम्बर (PAN) लिनु पर्नेछ । यस्तो स्थायी लेखा नम्बर (PAN) उपरोक्त प्रयोजनको लागि सटही सुविधा माग गर्ने व्यक्ति वा निजको एकाघर परिवारका सदस्यहरुमध्ये आमा वा बुवा कुनै एक जनाको पेश गरेमा समेत परिवर्त्य विदेशी मुद्रा सटही गर्न सकिनेछ ।

भवदीय,

(भिष्मराज ढुंगाना)
कार्यकारी निर्देशक

बोधार्थ:

१. श्री गभर्नरको कार्यालय
२. श्री डेपुटी गभर्नरको कार्यालय
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा
४. श्री नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
५. श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय ।
६. श्री नेपाल सरकार, गृह मन्त्रालय, अध्यागमन विभाग
७. श्री नेपाल सरकार, राजश्व अनुसन्धान विभाग
८. श्री नेपाल सरकार, भन्सार विभाग
९. श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग
१०. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग
११. श्री नेपाल राष्ट्र बैंक, विकास वैंक सुपरिवेक्षण विभाग
१२. श्री नेपाल राष्ट्र बैंक, आन्तरिक लेखा परीक्षण विभाग
१३. श्री नेपाल बैंकर्स संघ
१४. श्री डेभलपमेण्ट बैंकर्स एशोसिएसन
१५. श्री नेपाल उद्योग वाणिज्य महासंघ
१६. श्री नेपाल उद्योग परिसंघ
१७. श्री नेपाल चेम्बर अफ कमर्श